# गोप्य शिलबन्दी बोलपत्र माफर्त पुराना सवारी साधन चार पाङ्गेको लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/११/०५**

यस राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्वामित्वमा रहेका तपसिलमा उल्लिखित चार पाङ्ग्रे सवारी साधनहरु जहाँ जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरीने हुँदा उपरोक्त सवारी साधनहरु खरिद गरि लिन इच्छुक व्यक्ति, संघ, संस्था वा फर्म कम्पनीहरुले यो सूचना प्रकाशित भएको १५ दिन भित्र यस बैकको कार्यालय समय भित्र निम्न शर्तको अधिनमा रही रीतपूरक बोलपत्र पेश गनु हुन आव्हान गरिन्छ ।

**लिलाम बिक्री हुने सवारी साधनहरुको विवरण निम्न अनुसार छन् ।**

| क्र.सं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल | न्यूनतम लिलाम मूल्य |
|---|---|---|---|
| १. | प्रदेश ३-०१-०२४-च-५११२ (Maruti Suzuki, ECCO 5 STR) | २०२० | १३,५०,०००।- |
| २ | प्रदेश ३-०१-०२४-च-४०७० (Maruti Suzuki, ECCO 5 STR) | २०२० | १३,५०,०००।- |
| ३ | प्रदेश ३-०१-०२४-च-४८३८ (Maruti Suzuki, ECCO 5 STR) | २०२० | १३,५०,०००।- |
| ४ | प्रदेश ३-०१-०२४-च-४८३९ (Maruti Suzuki, ECCO 5 STR) | २०२० | १३,५०,०००।- |
| ५ | बागमति बि एए ४७९४(बा१४च४६२६) (Maruti Suzuki, ECCO 5 STR) | २०१६ | १०,००,०००।- |

**शर्तहरूः**

१. बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय मात्र) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

२. बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सवारी साधन खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर अनिवार्य लगाएको हुनुपर्नेछ । बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

३. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर आइपुग्ने गरी कार्यालय समय भित्र पेश गरि सक्नु पर्नेछ ।

४. गोप्य सिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालयमा खोलिनेछ, खोल्ने मिति २०८२/११/२० गते र समय दिनको ३:०० बजे ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको **खाता नं. ००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

६. कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

८. सवारी साधन लिलाम विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।

९. सवारी साधन तथा यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१०. लिलाम बिक्री सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ दिनभित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

११. सवारी साधन नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।


**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop